# नेपाली (NEPALI)

## ( 231 )

## मूल्यांकन पत्र - I

## ( पाठ 1 देखि 10 सम्म )

कुल अंक 25

**टिप्पणी :** (i) सबै प्रश्नको उत्तर दिनु अनिवार्य छ। प्रत्येकको समान अंक।

(ii) उत्तर पुस्तिकाको प्रथम पृष्ठको मास्तिर आफ्नो नाउँ, अनुक्रमांक, अध्ययन केन्द्रको नाम, विषय आदि स्पष्टरूपमा लेख।

1. निम्नलिखित प्रश्नहरूबाट कुनै **दुई**का उत्तर लगभग 60–80 शब्दहरूमा लेख :

(क) 'भनौंला भन्दैमा कति कति बित्यो जन्म जनको
मरौंला भन्नाको अझ पनि विचार छैन जनको''
– यस पदांशद्वारा कविले कसरी जीवनमा समयको सदुपयोग गरीकन भगवानको भक्ति पनि गर्न सकिन्छ भनेका छन्?

(ख) 'गोरखाली जाति' कवितामा कविले जातीय उन्नतिको निम्ति हामीले कुनकुरो अपनाउनुपर्ने अनि कुनकुरो परित्याग गर्नुपर्ने सुझाउ राखेका छन्? कविको भनाइमा हाम्रा भूलहरु के के हुन्?

(ग) 'सिकारूप्रति' कविताद्वारा कविले कस्तो सन्देश दिनखोजेका छन्? आजको सन्दर्भमा कविताको प्रासंगिकताबारे आफ्नो विचार पोख।

2. निम्नलिखित प्रश्नहरूबाट कुनै **दुई**का उत्तर लगभग 60–80 शब्दहरूमा लेख:

(क) 'नासो' कथामा कथाकारले प्रचलित सामाजिक र धार्मिक पक्षहरूलाई कुन प्रकारसित समाज समक्ष राखेका छन्? – सविस्तार लेख।

(ख) 'सिपाही' कथामा समावेष्टित भावात्मकतालाई विस्तारपूर्वक वर्णन गर।

(ग) तेञ्जिङ शेर्पासित सम्बन्धित लेखको आधारमा जीवनको उच्च अभिलाषासितै सो साकार पार्नमा चाहिने अमोघ अस्त्रहरूको उल्लेखसहित सगरमाथा विजयको गाथा वर्णन गर।

3. कस्ता–कस्ता हुँदारहेछन् मान्छेविशेषका भुँड़ीहरू? 'भुँड़ी' नामक व्यंगरचनाको आधारमा भुँड़ी–भुँड़ी बीचको पार्थक्य स्पष्ट पार।

अथवा

'आँखा' निबन्धबाट तिमीले पाएका शिक्षाबारे विस्तारपूर्वक लेख।

4. निम्नोल्लेखित **दुइ**मध्ये एक अनुच्छेदलाई राम्ररी पढ़ र त्यसको शीर्षक दिइकन लगभग एक–तिहाई शब्दहरूमा त्यसको सार लेख :

(क) मानवचेतका सौन्दर्य–तत्वहरूमा ध्वनि चुनाउ गरेर हामी सङ्गीत बनाउँछौं, त्यसका शास्त्र र नियमहरूको भाषा अपूर्ण छ। मनोभावना नै हाम्रो सङ्गीततर्फको कामना हो। हामी नबोलिने बोली सुन्न चाहन्छौं। मधुर भनेको त्यसको नाम हो जो जीवनबाट प्रेमको स्पर्शले हुन्छ र अनन्तको आनन्द शिरा–शिरामा 'रू–रूँ' को भावनाले दगुराउँछ। जीवन–विकाशी तत्वहरूमा मधुर निर्भर भएको हुनाले हामी त्यसलाई मात्र सङ्गीत भन्ने आदत राख्दछौं जो सीमावद्ध मानव–श्रवणका दुई ध्रुवहरूका बीचमा अनुभवशील हुन्छ। तर पाषाणको आत्मा प्रेमले रुन्झुनाउँदै रोएको देखेर रोइरहेका भावुक साधुहरूलाई पागल भनेर हामी सभ्यताको पागलखानातिर फर्कन्छौं।

अथवा

(ख) मानिस घरबाट निस्केपछि कुन ठाउँमा जाने, कता जाने, के कामको लागि जाने! त्यसको एउटा विचार हुन्छ। त्यहाँ पुग्न र त्यो काम गर्न उसले जसरी भएपनि गरेरै छोड्छ। त्यहाँ पुग्नलाई वा त्यो चीज ल्याउनलाई कतै बाटामा वाधाहरू आइपरे पनि अर्को समयमा त उसले त्यो पुग्ने ठाउँमा पुगेरै छोड्छ। त्यस्तै हो, जीवनमा पनि जन्मेपछि आफ्नो अन्तिम लक्ष्य वा उद्देश्य तथा आफ्नो आकांक्षालाई पूरा गर्न सदा अघि बढ़ी नै रहनपर्दछ। जसरी नाविकबिनाको जहाज मनपरी अघि बढ्न गयो भने त्यो किता बग्दै गएर पहाडमा ठोक्किन्छ, किता भुँवरीमा पर्नजान्छ किता कहीं डुब्न सक्छ। त्यसरी नै मानिस पनि कुनै लक्ष्य वा उद्देश्यबिना अघि बढ़े उसको जीवन धोकै धोका र लथालिङ्ग भएर जानेछ।

5. परियोजना कार्य :

(i) योगाभ्यासका विभिन्न आसनहरूमध्ये पाँचवटा योगमुद्राको चित्र बनाएर वा त्यस्ता चित्रहरू संग्रह गरेर ठूलो सादा कागजमा टाँसीकन ती योगासनहरूका नाउँसहित तीबाट हाम्रो स्वास्थ्यमा हुने फाइदाहरू लेख।

(ii) पर्यावरणको संरक्षण सम्बन्धी पाँचवटा नारा लेख।

# नेपाली (NEPALI)

# ( 231 )

## मूल्यांकन पत्र - II

## ( पाठ 11 देखि 23 सम्म )

कुल अंक 25

**टिप्पणी :** (i) सबै प्रश्नको उत्तर दिनु अनिवार्य छ। प्रत्येक प्रश्नको समान अंक।

(ii) उत्तर पुस्तिकाको प्रथम पृष्ठको मास्तिर आफ्नो नाउँ, अनुक्रमांक, अध्ययन केन्द्रको नाम, विषय आदि स्पष्टरूपमा लेख।

1. निम्नलिखित प्रश्नहरूबाट कुनैपनि **दुई**का उत्तर लगभग 60-80 शब्दहरूमा लेख :

(क) 'जीवन र साहित्य' निबन्ध लेखकको भनाईमा मानिसको जीवनका 'तीनतारे सारंगी' के के हुन्? अनि मानिसको जीवनमा सारंगीका प्रत्येक तारको के र किन आवश्यकता छ? - वर्णन गर।

(ख) 'मेरो एउटा नागाहुकी' कथामा कथाकारले वर्णन गरेका नागाहरूको ठहिले र उहिलेका जीवन पद्धतिबारे सविस्तार चर्चा गर।

(ग) 'पद्मा' कथामा वर्णित पद्माको मानसिक स्थितिलाई लिएर तिम्रो विचार प्रस्तुत गर।

2. निम्नलिखित प्रश्नहरूको कुनै **दुई**का उत्तर लगभग 60-80 शब्दहरूमा लेख :

(क) 'त्रिकोण' नाटकको एक पात्र सुखबीरको चरित्र चित्रण गर।

(ख) 'नेपाली : सरकारी कामकाजको भाषा' निबन्ध मार्फत लेखकले दर्शाएका स्वभाषाको महत्वबारे विस्तारपूर्वक चर्चा गर।

(ग) 'मृगतृष्णा' कथामा कथाकारले जीवनलाई किन एउटा भूल रहेछ भनेका हुन्? कथाकारले जीवनको आर्य सत्य के भनी खुट्टाएका छन्?

3. 'कसरी लेखिनुपर्ने' पाठको आधारमा चिन्हहरूको उल्लेख सहित तिनका प्रयोगको महत्व दर्शाऊ।

अथवा

भाव-विस्तार र सार-लेखन बीचको दुइटा पार्थक्य लेख्नुका साथै अनुच्छेद-लेखन र निबन्ध-लेखन बीचको अन्तर पनि लेख।

4. आफ्नो भावी–जीवनको बारेमा तिम्रो सोंच जनाउँदै साथीलाई एउटा पत्र लेख।

अथवा

निम्न **दुई**मध्ये एउटा विषयमा निबन्ध लेख :

(i) विश्व उष्मीकरण।

(ii) नारी–शक्ति।

5. परियोजना कार्य

(क) एउटा तालिका तयार गरीकन तलका उखान र टुक्काहरुको अर्थसहित दुइटा गरी वाक्य बनाऊ:

- आलु खाएर पेड़ाको धाक।
- ताक परे तिवारी नत्र गोतामे।
- सिल्टिम्मुर खानु।
- कानमा तेल हाल्नु।
- डाँडो काट्नु।

(ख) तालिकामा निम्न शब्दहरूका दुइटा गरी पर्यायवाची शब्दहरू लेख :

मानिस, पोखरी, बाठो, कमलो, आकाश।

# नेपाली (NEPALI)

## ( 231 )

## ( मूल्यांकन पत्र - III )

## ( पाठ 24 देखि 32 सम्म )

कुल अंक 25

**टिप्पणी :** (i) सबै प्रश्नको उत्तर दिनु अनिवार्य छ। प्रत्येक प्रश्नको समान अंक।

(ii) उत्तर पुस्तिकाको प्रथम पृष्ठको मास्तिर आफ्नो नाउँ, अनुक्रमांक, अध्ययन केन्द्रको नाम, विषय आदि स्पष्टहरूमा लेख।

1. निम्नलिखित प्रश्नहरूबाट कुनैपनि **दुई**का उत्तर लगभग 60–80 शब्दहरूमा लेख :

(क) नैतिक शिक्षाका कुराहरू समावेष्टित कवितामा रहेका उपदेशहरूलाई कवि परिचय सहित सविस्तार प्रस्तुत गर।

(ख) कविले आफुलाई संसारको सबैभन्दा धनी किन भनेका हुन् ?
– 'गरीब' कविताको आधारमा चर्चा गर साथै कविको बारेमा पनि लेख।

(ग) 'कलमबीर' कवितामा तिमीलाई मन परेको चार पंक्ति उल्लेख गर्दै कविका उपदेशको प्रासङ्गिकताबारे आफ्नो विचार प्रकट गर।

2. निम्नलिखित प्रश्नहरूको कुनै **दुई**का उत्तर लगभग 60–80 शब्दहरूमा लेख:

(क) 'कवि कविता होस्, कविता कवि होस्' भन्ने कविको बारेमा आफ्नो विचार प्रस्तुत गर साथै कविताको भावसित तिम्रो विचार मिलेको छ/छैन –धक नमानी लेख।

(ख) 'साहित्यिक होली' खेल्नेहरूको पुरा–पुरा नाउँ लेख र प्रत्येकको संक्षिप्त परिचय समेत देऊ।

(ग) 'चियाबारीका शहीदहरू' कवितात्मक पाठका रचयिताको परिचय सहित कवितामा निहित भाव–सौन्दर्य र भाषा–शैली बारे टिप्पणी गर।

3. 'उत्तरतिर कंस करायो' कविताको सारांश लेख अनि कविताको भावमाथि आफ्नो टिप्पणी गर।

अथवा

'शहीदहरूको सम्झनामा कविको भनाइले कत्तिको सार्थकता बोक्दछ ?
– आफ्नै शब्दहरूमा व्याख्या गर।

4. ‘हामी एकभएर राष्ट्रहित एकीकरण ल्याउँला

– अन्तर्राष्ट्रिय क्षेत्रमा पनि पुगी सद्भावना पोखुला।’

– उपर्युक्त छन्दोबद्ध कवितांशको वर्तमान प्रासङ्गिकता रहेको बारेमा सविस्तार आफ्नो विचार पोख।

अथवा

‘आमा’ महाकाव्यबाट उद्धृत ‘आमा’ नै शीर्षक कवितालाई राम्ररी पढ़ीकन परिचय सहित कविको भाषा शैलीबारे टिप्पणी गर।

5. परियोजना कार्य :

विश्वव्यापी आतंकवाद निमिट्यान्न पार्ने क्रममा तिम्रो सुझाउसहित एउटा लेख तयार पार अनि आतंकवादप्रति सजग रहने आह्वानरूपी तीनवटा नारा लेख।